लेकवेशी नगरपालीका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या-०७९/०८०

च. नं २९०८

मितिः२०८०/०३/१२

**विषयः सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै

लेकवेशी नगरपालिका ।

प्रस्तुत विषयमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.स. ०७९/८० च नं १६० मिति २०८०/०३/०३ को प्राप्त अनुसार सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/०६/१० मा भएको दोस्रो संसोधन अनुसार नियम (९) उपनियम (१) को "नियम ८ बमोजिम परिचयपत्र प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र नविकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संसोधन भई भाद्र मसान्तसम्म निवेदन दिनुपर्ने प्रावधान रहेको र सो व्यवस्था आगामी आर्थिक वर्ष २०८०/०८१ देखी लागु हुने भएकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरु आफै उपस्थित भई आफ्नो वडा कार्यालयमा नाम नविकरणको लागी निवेदन दिनुपर्ने र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नविकरण नभएका लाभग्राहीहरुको लगत कट्टा गरिने व्यहोरा यसै पत्र मार्फत जानकारी गराइन्छ ।

नोतः तोकिएको समायमा नविकरण नगराएमा सामाजिकर सुरक्षा भत्ता प्रदान गरिने छैन ।

पदमलाल लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

पदमलाल लामिछाने

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०६३/८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६०

मिति २०८०/०३/०३

श्री स्थानीय तहहरु सबै ७५३

विषय:- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) को उपनियम (१) बमोजिम नवीकरण छुट भएका लाभग्राहीहरुको परिचयपत्र नवीकरण र सामाजिक सुरक्षा भत्ता निकासाका लागि विभिन्न स्थानीय तहबाट यस विभागमा अनुरोध हुदै आएको छ। सो सम्बन्धमा देहाय अनुसार गर्न गराउन हुन विभागको मिति २०८०/२/१२ को निर्णयानुसार अनुरोध छ।

देहाय:

१. सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/६/१० मा भएको दोस्रो शंसोधन अनुसार नियम (९) को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कात्तिक मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संशोधन भई भदौ मसान्तसम्म निवेदन दिनु पर्ने प्रावधान रहेको र सो व्यवस्था आगामी आर्थिक वर्ष २०८०/८१ देखि लागु हुने व्यहोरा विदतै होला। नियमावलीको सो व्यवस्था सम्वन्धित वडा कार्यालय मार्फत सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु गराउन हुन।

२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनःलाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउन हुन।

२०८०/०३/०३
(मेघ राज शंकर)
शाखा अधिकृत

२९०५
२०८०/३/१२

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np

Scanned with CamScanner